बर्जु गाउँपालिका, सुनसरीद्धारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः २ संख्याः१३ मितिः२०७८/०९/२०

भाग -२

## बर्जु गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ बमोजिम गाउँ कार्यपालिकाको बैठकले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कृषि तथा पशुपन्छीजन्य औजार/ उपकरण तथा वीउवीजन अनुदानमा वितरण सम्वन्धि कार्यविधि २०७८

**बर्जु गाउँपलिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**अमाहिवेल्हा सुनसरी**

# कृषि तथा पशुपन्छीजन्य औजार उपकरण तथा वीउवीजन अनुदानमा वितरण सम्वन्धि कार्यविधि २०७८

**प्रस्तावना :**-यस बर्जु गाउँपालिका तथा वडा कार्यालयबाट संचालन हुने कृषि तथा पशुजन्य कार्यक्रमहरु लाई व्यवस्थित गरी कृषि जन्य उत्पादनहरुमा आत्म निर्भर बनाउन तथा उत्पादनमा लागत घटाई उत्पादकत्व वृध्दि गरी प्रतिस्पर्धात्मक बनाउन कृषि सहकारी,कृषक समुह,कृषि उद्बमी तथा कृषकहरुको माग र आवश्यक्ताका आधारमा कृषि तथा पशुपंक्षी सम्वन्धि व्यवसाय तथा औजार उपकरणमा अनुदान दिई प्रोत्साहन गर्न बान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा(१०२) ले दिएको अधिकार प्रयोग गरी बर्जु गाउँपालिकाले **कृषि तथा पशुपन्छीजन्य औजार/उपकरण तथा वीउविजन अनुदानमा वितरण सम्वन्धि कार्यविधि २०७८** तयार गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "**कृषि तथा पशुपंछीजन्य औजार/उपकरण तथा वीउवीजन अनुदानमा वितरण सम्वन्धि कार्यविधि २०७८"** रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) "**गाउँपालिका**" भन्नाले बर्जु गाउँपालिका लाई सम्झनु पर्दछ ।

ख) "**कृषि विकास शाखा**" भन्नाले गाउँपालिकाको कृषि शाखा लाई सम्झनु पर्दछ ।

ग) "**पशु सेवा शाखा**" भन्नाले गाउँपालिकाको पशु सेवा शाखा लाई सम्झनु पर्दछ ।

घ) "**अनुदानग्राही**" भन्नाले व्यवसायीक रुपमा कृषि बाली,खेती तथा पशुपंछी,माछा तथा मौरी पालन,आदि गर्ने कृषक समुह,कृषि सहकारी, कृषि तथा पशुपंछी फार्म,कृषि उद्बमी तथा कृषकहरु एवम् साना तथा मझौला कृषि तथा पशुपंछी प्रशोधन उद्योग संचालन गर्ने व्यवसायी सम्झनु पर्दछ ।

ङ) "**कार्यक्रम**" भन्नाले गाउँपालिका तथा वडा कार्यालयको बार्षिक बजेटमा स्वीकृत रहेको कृषि तथा पशुपंछी सम्वन्धि अनुदान तथा औजार,उपकरण वितरणका लागि गरिने कार्यक्रम सम्झनु पर्दछ ।

च) "**अनुदान**" भन्नाले कृषि तथा पशुपंक्षी व्यवसायमा प्रयोग हुने गाउँपालिका तथा वडा कार्यालयबाट अनुदानमा प्रदान गरिने औजार/उपकरण तथा वीउवीजनमा दिईने अनुदान लाई सम्झनु पर्दछ ।

छ) "**औजार उपकरण**"भन्नाले कृषि वाली खेती,पशुपंछी,माछा, तथा मौरीपालन लगायतका कृषि तथा पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने उपयोगी औजार तथा उपकरण सम्झनु पर्दछ ।

ज) "**साना औजार तथा उपकरण**" भन्नाले विशेष गरी मानव द्वारा संचालित(Manul) हुने तथा सानो स्तरमा ब्याट्री,विजुली आदिवाट पनी चलाउन सकिने औजार उपकरण भन्ने सम्झनु पर्दछ ।

झ) "**माग** भन्नाले कृषि तथा पशुपछीजन्य औजार उपकरण प्राप्त गर्नका लागि पेश गरेको विस्तृत कार्ययोजना सहितको आवेदनलाई सम्झनु पर्दछ ।

ञ) **वीउवीजन** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने वीउवीजन विरुवा तथा वेर्ना सम्झनु पर्दछ ।

**परिच्छेद-२**

**<u>कार्यक्रम संचालन प्रक्रिया</u>**

३.**<u>अनुदान प्रवाह गर्ने</u>**:- अनुदान प्रवाह तथा औजार उपकरण वितरण बर्जु गाउँपालिका तथा वडा कार्यालयबाट हुनेछ ।

**<u>४.सूचना प्रवाह तथा माग संकलन :-</u>** सूचना प्रवाह तथा माग संकलन देहाय बमोजिम हुनेछ ।

- न्यूनतम ७ दिन र अधिकतम ३० दिनको म्याद तोकी नियमानुसारको प्रकृया पुर्याई अनुशुची-१ अनुसारको ढाँचामा सूचना प्रकासन गरी माग संकलन गर्नु पर्नेछ । सम्वन्धित सरोकारवाला सवैको जानकारीको लागि गाउँपालिका तथा वडा कार्यालयको बाट प्रकासन भएको कृषि सामाग्री तथा औजार उपकरण सम्वन्धि सूचना अनिवार्य रुपमा गाउँपालिकाको वेवसाईटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- माग पेश गर्न ईच्छुक कृषि तथा पशु व्यवसाय सँग सम्वन्धित सहकारी/कृषक समुह/निजी फार्म/कृषि उद्धयमीले अनुसूची–२ अनसारको निवेदनका साथ अनुशुची -३ बमोजिमको प्रस्ताव पेश गर्नु पर्नेछ ।

**<u>५. कृषि तथा पशुपंछीजन्य औजार, उपकरण वीउवीजनको प्राथमिकिकरण तथा छनौट ;-</u>** सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही औजार तथा उपकरण मागको प्राथमिकिकरण तथा छनौट गरिनेछ । विशेष गरी कृषि पशुपंछी व्यवसायीकरणमा अनुदानले पुर्याउने योगदान,प्राथमिकता प्राप्त पकेट क्षेत्रमा औजार उपकरणको प्रयोग,औजार उपकरण सदउपयोगमा आउन सक्ने अवस्था र समेटिने कृषको प्रकृतिको आधारमा अनुदानग्राही छनौट गर्नु पर्नेछ । आवश्यक्ताको अनुदान प्रदान गर्ने निकायले थप मापदण्ड तयार पार्न सक्नेछ । अनुदानग्राहीको माग प्राथमिकिकरण तथा छनौटका लागि गाउँपालिकामा देहाय बमोजिमको माग प्राथमिकिकरण तथा छनौट समिति रहनेछ ।

**<u>१.माग प्राथमिकिकरण तथा छनौट समिति (गा.पा.बाट वितरण हुने अनुदानका लागि)</u>**

क) प्रमुख प्रशासिकय अधिकृत वा नीजले तोकेको अधिकृतस्तरको कर्मचारी............संयोजक
ख) योजना शाखा प्रमुख...................................................................................... सदस्य
ग) सामाजिक विकास शाखा प्रमुख.......................................................................सदस्य
घ) पशु सेवा शाखा प्रमुख ..................................................................................सदस्य
ङ) कृषि विकास शाखा प्रमुख............................................................................. सदस्य

**(नोट:-समितिको सदस्यको रुपमा कृषि वा पशु सेवा जुन प्रकारको अनुदान कार्यक्रम हो सो अनुसार सदस्य सचिवको रुपमा कृषि शाखा प्रमुख वा पशु सेवा शाखा प्रमुखले गर्नेछ ।).**

१. <u>वडा स्तरिय माग प्राथमिकिकरण तथा छनौट समिति ( वडा.बाट वितरण हुने अनुदानका लागि)</u>

क) सम्वन्धित वडाको वडाध्यक्ष............................................................................संयोजक

ख) सम्वन्धित वडाका सदस्यहरु.........................................................................सदस्य

ग) कृषि तथा पशु सेवाशाखा प्रमुख....................................................................सदस्य

**घ)** सम्वन्धित वडाको वडा सचिव .................................................................स-सचिव

२. समितले आवश्यक्ता अनुसार बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

३. समितिले आवश्यक्ता अनुसार आफ्नो काम कार्वाहीलाई वस्तुपरक बनाउन आफै वा समितिका सदस्यहरु मध्ये एक जना सदस्यको संयोजकत्वमा बढीमा २ जना कर्मचारीको रहनेगरी उपसमिति गठन गरी स्थलगत निरिक्षण गरी प्रतिवेदन लिन सक्नेछ ।

**<u>४. माग प्राथमिकिकरण तथा छनौट समितिको काम कर्तव्य र अधिकार</u>**

क) स्थलगत अध्ययन,अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधि र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याकंन गर्नेछ ।

ख) आवश्यक्ता अनुसार उप–समितिलाई छनौट सम्वन्धि अधिकार वाहेक अन्य अधिकार प्रत्यायोजन गर्न सक्नेछ । यस अनुसारको उप–समितिले प्रत्यायोजित अधिकार बमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयूक्त मागहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकासन गर्नेछ ।

घ) समितिले मूल्यांकन सम्वन्धि कार्य गर्दा माग आवेदन पेश भएको अन्तिम मितिले ७ दिन भित्र माग प्राथमिकिकरण तथा छनौट गरी मूल्यांकन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पून:बढीमा ७ दिनको म्याद थप गर्न सक्नेछ ।

ङ) मूल्यांकन समितिले प्रतिवेदन तयार गरिसकेपछी आवश्यक राय तथा सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

**५.** कार्यालयले छनौट भएका मागहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्न आउने आशयको सुचना जारि गर्नु पर्नेछ ।

**६.** छनौटमा परेका माग उपर उजुरी नपरेमा छनौट भएको ८औं दिन देखी ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्वन्धित प्रस्तावकर्तालाई सूचना दिनु पर्नेछ ।

**७.** छनौट भएका माग उपर उजुरी परेमा ७ दिन भित्र उजुरी उपर आवश्यक निर्णय गरि सक्नु पर्नेछ ।

**<u>५. सम्झौता र भूक्तानी :-</u>** कृषि तथा पशुपंक्षी जन्य कृषि सामाग्री औजार उपरकरण वितरण कार्यक्रम संचालन गर्दा देहाय अनुसार सम्झौता र भूक्तानी हुनेछ ।

१) **<u>सम्झौता :-</u>** अनुदान प्रवाह गर्दा छनौट भएको अनुदानग्राही संग भुक्तानी प्रकृया तथा अनुदानग्राहिको दायित्व स्पष्टरुपमा उल्लेख भएको सम्झौता अनुशुची–५ अनुसार गर्नु पर्नेछ ।

**२) भुक्तानी विधि :-** अनुदान रकम अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा २ किस्तामा देहायअनुसार भुक्तानी हुनेछ ।

**क)** परियोजना प्रस्तावमा उल्लेख गरिएको कार्यक्रमहरुको संचालनको लागि पहिलो किस्ता वापत बढीमा ४० प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ।

**ख**) अनुदानग्राहीले स्वीकृत परियोजना प्रस्ताव सम्पन्न गरि कार्य सम्पन्न प्रतिवेदन पेश भएपछी वाकी रहेको ६० प्रतिशत अनुदानमा नियमानुसार लाग्ने कर कट्टी गरी भूक्तानी गरिनेछ ।

यसमा अन्यत्र जुनसुकै लेखिएको भएता पनि पचासहजार भन्दा वढीको अनुदानमा कृषि फार्म,कृषक समुह तथा सहकारी आदिले अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गराउनु पर्नेछ । र कार्यक्रम संचालन हुनु पूर्व र कार्यक्रम सम्पन्न भए पश्चातको फोटो अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

**<u>३) कृषि औजार उपकरणमा</u>** कृषि पशुपंक्षी व्यवसायमा प्रयोग हुने औजार तथा उपकरणमा अनुदान प्रदान गर्दा देहायको क्षेत्रमा औजार तथा उपकरणमा देहाय बमोजिम प्रदान गरिनेछ ।

| उपयोग | अनुदानग्राही | सामाग्री | अनुदान रकम बढीमा |
|---|---|---|---|
| दुध उत्पाद प्रशोधन तथा बजारिकरण लागि | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | मिल्क,क्यान,क्रिमसेपेरटर,पास्चुराईजर, ल्याक्टोमिटर,मिल्क एनलाईजर,डि –फ्रिज,चिलिंग भ्याट,प्याकेजिंग मेशिन,सेन्ट्रीफ्यूज आदी | ५० प्रतिशत |
| मासु प्रशोधन तथा बजारीकरणको लागि | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | मासु काट्ने औजार,स्टीलनेस स्टील,ग्याँस चुलो,ब्रनर,डि-फ्रिज आदी | ५० प्रतिशत |
| तरकारी,फलफुल तथा घाँसेवालीका लागि | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | हजारी,स्प्रेयर टंकी,सिकेचर,खनजोत गर्ने औजार,तौलने मेसिन,केलाउने पंखा,आदी | ५० प्रतिशत |
| अण्डा उत्पादन,संकलन तथा बजारीकरणका लागि | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | क्यारेट,अण्डा,ग्रेडिंग मेशिन | ५० प्रतिशत |
| उन्नत पशु उत्पादनका लागि | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | फिडर,होवर,अटोमेटिक ड्रिकर,ह्वील व्यारो,साईलो पिट,वाँयोग्यास प्लान्ट | ५० प्रतिशत |
| प्राईभेट कृत्रिम गर्भाधानकर्ताका लागि | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | ए.आई गन,रेफ्री गमबुट,थर्मामिटर,एप्रोन,थईंग किट,एआई सिथ,ग्लोवस आदि | ५० प्रतिशत |
| ह्याचरी स्थापना तथा | कृषक उद्यमी/ कृषक समुह/कृषि | जेनेटर,ईन्कुवेटर,ह्याचिंग | ५० |

| | | | |
|---|---|---|---|
| सचालन/ कृषि तथा पशुपंछी फार्मका लागि | सहकारी/ कृषि तथा पशु फार्म | मेशिन,थर्मोमिटर,एप्रोन आदी | प्रतिशत |
| कृषि तथा पशुजन्य उत्पादन तथा बजारीकरणमा प्रयोग हुने औजार तथा सामाग्री | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | कुटी काट्ने मेशिन,मकै छोडाउने मेशिन,स्यालो ट्यूवेल,ईलेक्ट्रीक मोटर,पम्पसेट आदि | ५० प्रतिशत |
| अन्य सवै खाले कृषि तथा पशु व्यवसायमा प्रयोग हुने औजार उपकरण | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ कृषि तथा पशु फार्म | कृषि तथा पशु व्यवसायमा प्रयोग हुने सवै खाले औजार उपकरणहरु | ५० प्रतिशत |

**<u>( नोट:-</u> यसमा अन्यन्त्र जुनसुकै लेखिएको भएतापनि गाउँपालिका तथा वडा कार्यालयहरुबाट वितरण गरिने रु.२५०००।–(अक्षरेपी पच्चिसहजार) सम्मका कृषि तथा पशुजन्य व्यवसायमा प्रयोग हुने औजार/उपकरणहरुहरु निर्णय गरी १००% शतप्रतिसत अनुदानमा उपलब्ध गराउन सकिनेछ ।)**

<u>३) वीउवीजन/विरुवा/वेर्नामा अनुदान :-</u>

| सामाग्री तथा औजार उपकरण | अनुदानग्राही | अनुदान रकम बढीमा प्रतिशत | कैफियत |
|---|---|---|---|
| धान,गहुँ,मकै,कोदो,फावर आदि अन्नवालीको वीउवीजनमा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकता ५० प्रतिशत | |
| तोरी,सर्स्यू,तील,फिलुंगे,सूर्यमूखी आदि तेलहन वालीको वीउँवीजनमा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकता ५० प्रतिशत | |
| मूसुरो,खेसरी,मूँग दाल,चना,केराउ आदि जस्ता दलहनको वीउवीजनमा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकता ५० प्रतिशत | |
| आलु,साग,भाण्टा जस्ता हिउँदे,वर्खे र वेमौसमीतरकारी खेतीको वीउ वीजनमा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकतम ५० प्रतिशत | |
| उखु,पटुवा आदि जस्ता नगदेवालीको वीउवीजनमा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकतम ५० प्रतिशत | |
| आप,लिची,स्याउ,अम्बा,केरा,आदी फलफूलको विरुवामा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकतम ५० प्रतिशत | |
| घाँसको वीउमा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकतम ५० प्रतिशत | |

| | | | |
|---|---|---|---|
| अन्य नखुलेका कृषि जन्य उत्पादन तथा किटनाशक औषधीमा अनुदान | कृषक उद्यमी/ कृषक समुह/कृषि सहकारी/ | अधिकतम ५० प्रतिशत | |

**७.अनुदानग्राही उपभोक्ताले पालना गर्नुपर्ने शर्तहरु**

१) अनुदानग्राही कृषि तथा पशुपंछी पालन व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

२) उपभोक्ताले सूचना तथा सम्झौतामा उल्लेख गरे अनुसारका कागजात अनिवार्य पेश गर्नु पर्नेछ ।

३) अनुदान रकम भुक्तानीका लागि रु.५००००।–भन्दा बढीको अनुदानमा सार्वजनिक सुनुवाई गरी कार्यक्रम को फोटो समेत संलग्न राख्नु पर्नेछ ।

४) अनुदानमा उपलब्ध गराएको कृषि तथा पशुपंछीजन्य सामाग्री औजार उपकरणहरु कृषि तथा पशुपालनको कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाईनेछैन ।

५) अनुदान प्राप्त कृषिजन्य औजार उपकरणको मर्मत संम्भारका उपभोक्ता स्वयंले गर्नुपर्नेछ ।

६) समुह सहकारीबाट संचालित औजार उपकरणको मर्मत सम्भारका लागि उक्त समुह सहकारीले अनिवार्यरुपमा मर्मतकोष खडा गर्नु पर्नेछ । सोको व्यवस्थापन अनुदानग्राही स्वयंले गर्नुपर्ने छ ।

७) अनुदान प्राप्त औजार उपरकणहरुमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने मसीले स्पष्ट देखिने गरी लेख्नु पर्नेछ ।

८) अनुदानबाट प्राप्त औजार उपकरणको संरक्षण र समुचित प्रयोग नगर्ने अनुदानग्राही लाई प्रचलित कानुन बमोजिम कार्वाही गरि गाउँपालिका तथा वडाबाट प्रवाह हुने अन्य सेवा सुविधाबाट बञ्चित गरिनेछ । अनुदान रकम तथा औजारको समुचित प्रयोग नभएको पाइएमा अनुदान प्रवाह गर्ने निकायले जुनसुकै वेला औजार उपकरण फिर्ता लैजान सक्नेछ ।

९) यसमा लेखिएको यसै बमोजिम र यस बाहेक अनुदान दिने निकायले तोकी दिएको शर्त पालना गर्नु अनुदानग्राही को कर्तब्य हुनेछ ।

## परिच्छेद-३
## अनुगमन मूल्यांकन

**८. अनुगमन मूल्यांकन** :- गाउँपालिका/वडा कार्यालय/कृषि विकास शाखा/पशु सेवा शाखाले अनुगमन गर्नेछन । अध्यक्ष,उपाध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृतबाट आवश्यक्ता अनुसार जुनसुकै समयमा पनी अनुगमन गर्न सकिनेछ ।

## परिच्छेद -४

## विविध

**<u>९.पुरस्कार तथा कार्वाहिको व्यवस्था</u>** :- पुरस्कार तथा कार्वाहिको व्यवस्था देहाय बमोजिम हुनेछ ।

**१).**तोकिएको समय भन्दा अगाडी,तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्वन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप गाउँपालिका तथा वडा कार्यालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२).सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राही लाई अनुदान रकम उपलब्ध गराईने छैन ।

३). अनुदान रकम तथा औजार सामाग्रीको दूरुपयोग गरेको पाईएमा कानुन बमोजिम कार्वाहि गरी सरकारी वाकी सरह असुल उपर गरिनेछ ।

४).यस्ता अनुदानग्राही लाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचिमा राखिनेछ ।

**द्रष्टव्य :-** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित सार्वजनिक खरिद ऐन,नियमावली,बर्जु गाउँपालिकाको आर्थिक कार्यविधिमा उल्लेख भएकोमा सोही वमोजिम हुनेछ ।

**<u>१०.बाधा अड्काउ फुकाउने :-</u>**

१) यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

२) यस कार्यविधिलाई आवश्यक्ता अनुसार कार्यपालिकाबाट संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

अनुशुची-१

दफा ४ को उपदफा(१) सँग सम्वन्धित

कृषि औजार उपकरण /वीउवीजन उपलब्ध गराउनका लागि माग संकलनको सुचना

सुचना ।　　　　सुचना ।।　　　　　　सुचना ।।।

………………………………………………… को आर्थिक बर्ष…………………को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि/पशुपंछी जन्य औजार तथा उपकरण खरिदमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस गाउँपालिका/वडा भित्रका/ईच्छुक कृषक समुह,कृषि सहकारी,कृषि तथा पशु फार्म,तथा उद्धमी कृषकहरु बाट माग आवेदन आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले …………………भित्र गाउँपालिका/वडा कार्यालयमा तपसील अनुसारका कागजात तथा अनुशुची २,३ अनुसार व्यवसायिक योजना सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि……………………..शाखा/वडा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजातहरु**

१) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी

२) कृषि व्यवसायमा आवध्द सम्वन्धित सहकारी,कृषि/पशु फार्म, उपभोक्ता समुह वा कृषक समुहले सुचना अविध भित्र कृषि अनुदान तथा औजार उपकरण उपलब्ध गराउन सहकारी, सञ्चालक समिति,समुह,फार्मको हकमा संस्थागत निर्णय विनियम विधानको प्रतिलिपी

३) ………………….गर्ने अनुशुची…………………अनुसारको प्रस्तावना

४) सम्वन्धित वडाको सिफारिस पत्र

५) सहकारी र निजी फार्मको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षण प्रतिवेदन को फोटोकपी

६) सहकारी र निजी फार्मको हकमा गत आ.व.सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको करचुक्ता वा करछुट प्रमाणपत्र

७) सहकारी संस्थाको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय

८) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी

९) जग्गा लिजमा लिई व्यवसाय संचालन गरेको भए ठेक्का सम्झौताको प्रतिलिपि

१०) प्रतिवध्दता पत्र

११) कृषक उद्यमीको हकमा नागरिकताको फोटोकपी,वडा कार्यालयको सिफारिस तथा व्यवसाय तथा खेती गरेको जग्गाको स्वामित्व खुल्ने जग्गाधनि प्रमाणपूर्जा,ठेक्कानामा कागज,तथा मालपोत तिरेको रसिद

**अनुशुची-२**

**दफा ४ को उप-दफा(२) सँग सम्वन्धित**

कृषि औजार उपकरण/वीउवीजनको लागि दिईने निवेदनको ढाँचा

मिति :-

**विषय :-कृषि तथा पशुपंछीजन्य औजार,उपकरण/वीउवीजन उपलब्ध गराई पाउ ।**

श्री ..............................................ज्यू

..........................................................

महोदय,

हामी/म निम्न लिखित फारम (क) दस्तखत भएका व्यक्तिहरुबाट...........जिल्ला..................गाउपालिका.................वडा नं...........मा पर्ने...................................................................नामक कृषक समुह/कृषि सहकारी/कृषि फार्म/उद्यमी कृषकले..................................................................कार्यका लागि अनुदान रकमको..................................../औजार उपकरणको आवश्यक्ता परेको हुँदा रु १०।–को टिकट टाँस गरि अनुशुचीमा संलग्न फारम भरि यो माग आवेदन पेश गरेका छौ ।

निवेदक

दस्तखत

नाम:-

ठेगाना :-

पद:-

सम्पर्क फोन नं.

संस्थाको छाप

अनुशुची-३

दफा ४ को उप-दफा (२) सँग सम्वन्धित

**प्रस्तावको संक्षिप्त विवरण**

१) मागकर्ताको नाम :

२) कार्यक्रम संचालन गर्ने ठेगाना :- जिल्ला..................गापा/नपा ...........वडानं.............टोल

३) प्रस्तावित योजनाको मूख्य उदेश्य :-

४) लाभान्वित कृषक संख्या ;-दलित.....आदिवासी जनजाती........अन्य.............जम्मा .....महिला....पूरुष.......

५) लगाईने वाली तथा पालिएका पशुपंछीहरु

६) वालीनालीको क्षेत्रफल/पशुपंछी संख्या

७) हालको उत्पादकत्व :- .................मे.टन/हेक्टर कार्यक्रम संचालन पश्चात उत्पादकत्व............मे.टन/हेक्टर

८) बैंक खाता नं. .............................................बैंकको नाम.....................................................................

९) व्यवसायिक योजना संचालनका लागि गरिने क्रियाकलाप तथा अनुमानित लागत रकम

| सि.नं. | माग गरिएको कृषि तथा पशुपंक्षी जन्य औजार उपकरण/वीउवीजन | परिमाण | प्रति ईकाई दर | कुल जम्मा रु | अनुदानग्राहीको को सहभागिता जम्मा रु | माग गरेको अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुशुची -४

## सम्झौता-पत्रको नमुना

यो सम्झौता पत्रमा पहिलो पक्ष मानिने ..........................................................................र दोस्रो पक्ष मानिने श्री...................................................उध्दयमी कृषक/कृषक समुह/कृषि तथा पशुपंक्षी फार्म र कृषक सहकारी संस्था विच तपसीलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने गरि कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

१) यो सम्झौता,सम्झौता भएको मिति.......................................देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्गन ईष्टिमेट/कार्य योजना बमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति ........................................सम्ममा सम्पन्न गरेर आवश्यक कागजात पहिलोपक्ष समक्ष बुझाउनु पर्नेछ ।

२) कृषि औजार आफैले वा गाउपालिका/वडा कार्यालयबाट खरिद गरी उपलब्ध गराईनेछ ।

३) गाउँपालिका/वडाले ..................................लाई इष्टिमेट अनुसारको कार्य संचालन गर्न योजनाको प्रकृति अनुसार वढीमा दुई किस्ता वा एकमुष्ट रकम काम सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदन,खर्चको विल भर्पाई ,अनुगमन प्रतिवेदन गाउँपालिकामा पेश गरे पश्चात सम्झौता अनुसारको अनुदान रकम दोस्रो पक्षको खातामा उपलब्ध गराईनेछ ।

४) सम्झौता अनुसारको ............................................. कार्य संचालन र सम्पन्नताको लागि पहिलो पक्षबाट ..................प्रतिशत अनुदान र दोस्रो पक्षबाट.बाट ..........................प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

५) किस्ता भूक्तानी गर्दा सम्वन्धित प्राविधिक बाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।

६) दोस्रो पक्षले कृषि अनुदान वा औजार उपकरण अन्य कुनै निकाय,संघ प्रदेश बाट प्राप्त भएको भए सो कुरा समेत गाउँपालिका लाई जानकारी गराउनु पर्नेछ ।

७) कार्यस्थलमा सम्पूर्ण विवरण सहितको सुचना पार्टी राख्नु पर्नेछ ।

८) कार्य सम्पन्न भए पश्चात लाभान्वित वर्गको उपस्थितिमा सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई गराउनु पर्नेछ ।

९) अन्तिम भुक्तानी गर्ने सम्वन्धमा सुपरभिजन गरी फाईनल विल तयार गर्ने प्राविधिक बाट कार्य सम्पन्न तयार गरी दोस्रो पक्षले बैठक बाट निर्णय गराई कृषि शाखामा प्राप्त भए पछी नियमानुसार बैंक मार्फत भूक्तानी गरिनेछ ।

१०) दोस्रोपक्षको लापरवाहिको कारणबाट कार्य सम्पन्न नभइ हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्वेवारी दोस्रोपक्षको हुनेछ ।

११) कृषि औजार उपकरण खरिद गरी हस्तान्तरण भई सकेपछी सोको मर्मत सम्भार सम्वन्धी कार्य दोस्रो पक्षले गर्नु पर्नेछ ।

१२) अनुदान तथा औजार वितरण सम्वन्धमा कुनै विवाद आएमा प्रथमपक्षको निर्णय अन्तिम हुनेछ ।

१३) यो सम्झौतामा उल्लेख भएका कुराहरु यसै वमोजिम र यसमा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

नोटः-भूक्तानीका लागि चाहिने आवश्यक कागजातहरु

१) कार्य सम्पन्न भए पश्चात दोस्रो पक्षले सम्झौता बमोजिमको रकम भुक्तानी सम्वन्धि निर्णय र निवेदन
२) सम्वन्धित वडा/गापा को कार्यसम्पन्न स्थलगत अनुगमनको प्रतिवेदन
३) खर्चको विल भर्पाई,सार्वजिनिक सुनुवाई,सामाजिक परिक्षण प्रतिवेदन ।
४) कार्यको लागत बमोजिमको कार्यक्रम स्थलमा राखिएको सुचना पार्टी र कार्य सम्पन्न अघि र पछीको फोटो ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत | दस्तखतः- |
| नाम :- | नाम :- |
| पदः- | पदः- |
| मिति :- | मिति :- |
| कार्यालयको छापः- | संस्थाको छापः- |